नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. जिल्ला प्रशासन कार्यालय, मकवानपुरको च.नं. ४, मिति २०७९/०४/०१ को पत्रमार्फत गत आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा सम्पन्न गरिएका कार्यक्रम/योजनाहरूको विस्तृत विवरण (कार्यक्रम/योजना सञ्चालन भएको स्थान समेत खुल्ने गरी) उपलब्ध गराउन अनुरोध गरिएकोमा उल्लेखित विवरण हालसम्म पनि उपलब्ध नगराउने कार्यालयहरूले ७ दिनभित्र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा उपलब्ध गराउने ।

२. सार्वजनिक बिदाको दिन सरकारी सवारी साधन चलाएको भन्दै विभिन्न समूहको नाममा सरकारी सवारी साधन रोक्ने, चाबी खोस्ने लगायतका गतिविधिहरू भइरहेको सन्दर्भमा सरकारी सवारी साधन बिदाको दिन चलाउनुपर्ने भएमा अनिवार्य सवारी पास लिई मात्र चलाउने व्यवस्था सबै कार्यालयहरूले अनिवार्य रूपमा मिलाउने ।

३. सङ्घीय निजामती कर्मचारीको दुर्घटना भै मृत्यु, स्थायी पूर्ण अशक्तता, स्थायी आंशिक अशक्तता, अस्थायी पूर्ण अशक्तता र औषधीउपचार गर्नु परेमा औषधी उपचार बापत रु. १ लाखसम्म र दूर्घटना पश्चात् मृत्युको हकमा रु. १० लाखसम्मको सुविधा प्राप्त हुने भएकोले कुनै कर्मचारीको दूर्घटना भएको अवस्थामा सोको ३५ दिनभित्र राष्ट्रिय बीमा कम्पनी वा सो मातहतका कार्यालयमा र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंमा जानकारी गराउने ।

४. सबै कार्यालयहरूले आ-आफ्नो कार्यालयमा कार्यरत कर्मचारीहरूलाई आर्थिक वर्ष २०७८/७९ को कार्यसम्पादन मूल्याङ्कन फारम र सम्पत्ति विवरण तोकिएको समयभित्रै भर्नलगाई सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

५. कार्यालयमा कार्यरत कर्मचारीहरूमध्ये आर्थिक वर्ष २०७६/०७७ र २०७७/७८ को सम्पत्ति विवरण तोकिएको समयमा नबुझाउने कर्मचारीहरूलाई रु.५००० जरिवाना तिर्न (जरिवाना संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा दाखिला गर्नुपर्ने) लगाई ३० दिनभित्र सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा अनिवार्य पेश गर्न लगाउने ।

राजेन्द्र देव पाण्डे
प्रमुख जिल्ला अधिकारी